# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १७

मितिः- २०८२।०१।०५ गते शुक्रबार

बैठक प्रारम्भ:- बिहान ८:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १७ औं बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री वुद्धिमान लिम्वु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १७

मिति:- २०८२।०१।०५ गते शुक्रबार बैठक प्रारम्भ:- बिहान ८:०० बजे

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२. नवप्रवर्तन साझेदारी कोष संचालन सम्वन्धमा ।

३. प्रदेश समपूरक अनुदानको आयोजना सम्वन्धमा ।

४. विविध

क. छानविन सम्वन्धमा ।

ख. वडा कार्यालय उद्धघाटनको खर्च तथा पाथिभरा मन्दिरको मूर्ति उद्धघाटनको समर्थन सम्वन्धमा

ग. सर्जिकल सामग्री, डिजिटल अल्टा साउण्ड तथा औषधी खरिद सम्वन्धमा ।

घ. संखुवासभा वहुमुखी क्याम्पसको अनुदान निकासा सम्वन्धमा ।

ङ. वडा तथा नगरपालिकाको लागि जग्गा प्राप्ती सम्वन्धमा ।

च. वैकल्पिक उम्मेद्धार सिफारिस सम्वन्धमा ।

छ. नगरपालिका स्थापना दिवस सम्वन्धमा ।

ज. व्यायामशाला सम्वन्धमा ।

झ. शसस्त्र प्रहरीले विपद् व्यवस्थापन सम्वन्धी साझेदारी गर्ने सम्वन्धमा ।

ञ. योजना कार्यक्रमको म्याद थप सम्वन्धमा ।

ट. विपन्न नागरिकलाई सहायता तथा अन्य आर्थिक सहइग सम्वन्धमा ।

ठ. इन्धन सम्वन्धमा ।

ड. जग्गा वर्गीकरण सम्वन्धमा ।

ढ. योजनाको शीर्षक संशोधन सम्वन्धमा ।

ण. राजश्व संकलन सम्वन्धमा ।।

त. चण्डी पूर्णिमा मेला संचालनको सहयोग सम्वन्धमा ।



द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १७

मिति:- २०८२।०१।०५ गते शुक्रबार

बैठक प्रारम्भ:- बिहान ८:०० बजे

निर्णयहरु

निर्णय नं. १. प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८१ चैत्र १९ गते बसेको १६ औं कार्यपालिका बैठकको समिक्षा गर्दा प्रस्ताव नं.१,२ र ४ कार्यान्वयनमा गएको र प्रस्ताव नं. ३ कार्यान्वयनको प्रक्रियामा रहेको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गर्ने निर्णय गरियो।

निर्णय नं. २. प्रस्ताव नं. २ उपर छलफल गर्दा कोशी प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP) ले प्रदेश तथा स्थानीय तहमा सुशासन, सेवा प्रवाह तथा आर्थिक विकासको क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न आर्थिक वर्ष २०८१।०८२ का लागि नवप्रवर्तन साझेदारी कोषबाट कार्यक्रम संचालन गर्न मिति २०८१।१२।२६ गतेको सूचना अनुसार अवधारणा पत्रको माग भएकोले यस चैनपुर नगरपालिकाबाट रु.५०,००,०००। पचास लाखको तपसिल अनुसारको परियोजनाको माग गर्ने निर्णय गरियो ।साथै अवधारणा पत्र तयारीका लागि निम्नअनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री कालीबहादुर लिम्बु

सदस्य श्री फुर्दावा शेर्पा

सदस्य श्री धनबहादुर तामाङ चैनपुर १०

सदस्य श्री देवराज राई

तपसिल

क. पर्यटन प्रवर्द्धन सम्वन्धी परियोजना पेश गर्ने ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा कोशी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८१।१२।१९ गतेको सूचना अनुसार समपूरक अनुदान सम्वन्धी कार्यविधि,२०८१ को दफा ३ ले व्यवस्था गरे बमोजिम यस नगरपालिकाबाट तपसिल अनुसारको आयोजनाहरु पेश गर्ने निर्णय गरियो ।

तपसिल

क. चैनपुर पोखरी बजारबाट थामपोखरी जाने सडक स्तरउन्नती तथा कालोपत्रे चैनपुर ३,४ र २

ख. कोशी राजमार्ग देखि चैनपुर ११ नं. बडा कार्यालय भवन हुदै मलाटे कुइभीर जाने सडक सोलिङ्ग तथा ढलान चैनपुर ११

निर्णय नं. ४ विविध

क. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं.४७३७५ मिति २०८१।१२।२५ गतेको प्राप्त पत्रबाट व्यहोरा अवगत भयो सो सम्वन्धमा तपसिल अनुसार छानविन समिति गठन गर्ने निर्णय गरियो ।साथै उक्त समितिले ५ दिन भित्र प्रतिवेदन पेश गर्न अनुरोध गर्ने ।

तपसिल

संयोजक श्री वलवहादुर अधिकारी

सदस्य श्री तीर्थबहादुर राउत

सदस्य श्री नगेन्द्र कार्की

द्रष्टव्य:- निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १७

मितिः- २०८२।०१।०५ गते शुक्रबार

बैठक प्रारम्भः- बिहान ८:०० बजे

सदस्य श्री महेश गौतम

सदस्य श्री ज्ञानबहादुर लोहार

ख. चैनपुर नगरपालिका वडा नं.-११ को वडा कार्यालय भवन उद्घाटन कार्यक्रममा भए खर्च रु.१,१७,७८०। चैनपुर नगरपालिका विविध खर्च चैनपुर २ स्थित पाथिभरा मन्दिरको मूर्ति उद्घाटन कार्यक्रममा भएको खर्च रु.८१,६१५। (एकासी हजार छ सय पन्ध्र मात्र) खर्च समर्थन गरि भुक्तानीको प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

ग. चैनपुर नगरपालिका नगर अस्पताल तथा स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने सर्जिकल सामग्री, डिजिटल अल्टा साउण्ड तथा औषधी खरिद गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

घ. प्रस्तुत सम्वन्धमा चैनपुर नगरपालिकावाट विनियोजित रकम तथा कोशी प्रदेश सशर्तबाट प्रास रकम श्री संखुवासभा बहुमुखी क्याम्पस चैनपुरले अनुदान निकासाको निवेदन पेश गरेको हुँदा भुक्तानीको प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

ङ. चैनपुर नगरपालिका तथा वडा कार्यालयहरुको जग्गा प्राप्ती सम्वन्धमा छलफल गर्दा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ को ५ को २ बमोजिमको सिफारिस समितिको निर्णय कार्यान्वयनका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

च. चैनपुर नगरपालिका अनमी पदमा कार्यरत श्री कमला तामाङले सेवाबाट राजिनामा पेश गरेको हुँदा मिति २०८१ मंसिर ११ गते लिएको अनमी पदको परिक्षामा वैकल्पिक उम्मेद्वार मध्ये पहिलो वैकल्पिक उम्मेद्वार श्री अस्मिता खत्री अन्यत्र सिफारिस भई सकेकोले दोस्रो सविना राई खाँदवारी २ लाई नियुक्ति प्रक्रिया अगाडी वढाउने निर्णय गरियो । साथै अन्य पदको हकमा नियमानुसार प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

छ. प्रस्तुत विषयमा चैनपुर नगरपालिकाको स्थापना दिवस मनाउने तयारीका लागि तपसिल अनुसारको तयारी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक श्री एलिना श्रेष्ठ | (उपप्रमुख) |
| सदस्य श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष) |
| सदस्य श्री फुर्दावा शेर्पा | (वडाध्यक्ष) |
| सदस्य श्री वलबहादुर अधिकारी | (वडाध्यक्ष) |
| सदस्य श्री धनबहादुर तामाङ | (वडाध्यक्ष) |
| सदस्य श्री कालीबहादुर लिम्बु | (वडाध्यक्ष) |
| सदस्य श्री शिखर शर्मा | (वडाध्यक्ष) |
| सदस्य श्री नगेन्द्र कार्की | (वडाध्यक्ष) |
| सदस्य श्री देवराज राई | (वडाध्यक्ष) |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित कागजात नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १७

मिति:- २०८२।०१।०५ गते शुक्रबार

बैठक प्रारम्भ:- बिहान ८:०० बजे

सदस्य श्री शान्ती बहादुर कार्की (वडाध्यक्ष)

सदस्य श्री धनबहादुर तामाङ (वडाध्यक्ष)

सदस्य श्री तीर्थबहादुर राउत (वडाध्यक्ष)

सदस्य सचिव श्री ओमकार प्रसाद न्यौपाने (प्रमुख प्रशासकिय अधिकृत)

ज. शिक्षा विकास निर्देशनालय धनकुटाको पत्र प्राप्त भई व्यहोरा अवगत हुँदा खुल्ला व्यायामशाला पूर्व तोकिएको स्थान र ड्रोइङ्ग डिजाइन अनुसारका सामग्रीहरु तोकिएको समय भित्रै व्यवस्थापन गर्ने निर्णय गरियो ।

झ. चैनपुर नगरपालिका र शसस्त्र प्रहरीसँग विपद् व्यवस्थापन सम्वन्धी साझेदारीमा कार्यक्रम संचालन स्रोत सुनिश्चित गरि रकम भुक्तानी गर्ने निर्णय गरियो ।

ञ. चैनपुर नगरपालिकाको १६ औं कार्यपालिका बैठकबाट आर्थिक वर्ष २०८१।०८२ को योजना तथा कार्यक्रम संझौताको समय सीमा मिति २०८१ चैत्र मसान्त सम्म तोकिएकोमा मिति २०८२ वैशाख १५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

ट. चैनपुर नगरपालिकाको विभिन्न वडाहरुबाट विपद्का कारण क्षति भई सहयोग माग तथा दीर्घरोगीहरु उपचारको लागि आर्थिक सहयोग माग भई आएकोले तपसिल अनुसारको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो

तपसिल

| सि नं. | नाम थर | ठेगाना | विपद् | दीर्घरोग | रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | हेमराज घिसिङ | चैनपुर ९ | | निमोनिया | रु.१०,००० | |
| २ | आइतमायाँ तामाङ | चैनपुर २ | | मृगौला | रु.१०,००० | |
| ३ | दुर्गाबहादुर भूजेल | चैनपुर ७ | | मुटु रोगी | रु.१०,००० | |
| ४ | नरवहादुर राई | चैनपुर ११ | विपद् | | | २ वण्डल जस्ता |
| ५ | चरीमायाँ तामाङ | चैनपुर ९ | आगलागी | | | २ वण्डल जस्ता |
| ६ | दुर्गाबहादुर जिमी | चैनपुर ११ | | | | २ थान टनेल |
| ७ | मैत वहादुर तामाङ | चैनपुर ४ | आगलागी | | | ४ वण्डल जस्ता |
| ९ | विनोद राई | चैनपुर ११ | आगलागी | | | ४ वण्डल जस्ता |

द्रष्टव्य: निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १७

मितिः- २०८२।०१।०५ गते शुक्रबार

बैठक प्रारम्भः- बिहान ८:०० बजे

काञ्चा कुमार तामाङ
नगर प्रमुख

ठ. चैनपुर नगरपालिका भित्र रहेका प्रहरी चौकीले इन्धन माग गरेको सम्बन्धमा वडा कार्यालयहरुको विविध खर्चबाट भुक्तानी हुने गरी मासिक ५ लिटर इन्धन उपलब्ध गराउने उक्त इन्धन चैनपुर नगरपालिकाको सम्वन्धित वडाको सरकारी सवारी साधनबाट माग गरि भुक्तानी गर्ने निर्णय गरियो ।

ड. चैनपुर नगरपालिका वडा नं.-६ वडा कार्यालयबाट जग्गा वर्गीकरणको छुट निवेदन सिफारिस भई आएकोले कार्यान्वयनका लागि सम्वन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

ढ. चैनपुर नगरपालिका १६ औं नगर सभाबाट प्रत्यायोजित अधिकार अनुसार चैनपुर नगरपालिका ७ को देहायका योजनाहरुको नाम संशोधन गर्ने निर्णय गरियो ।साथै अनुमोदनका लागि आगामी सभामा पेश गर्ने निर्णय गरियो ।

| क्र स | योजनाको नाम | रकम | क्र स | संशोधित योजनाको नाम | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | फलाटे पन्चकन्या देवीथान तारजाली चैनपुर ७ | ७५००० | १ | आधारभूत स्वास्थ्य चौकी फलाटे टिन घेराबारा चैनपुर ७ | ७५००० | |

ण. चैनपुर नगरपालिका क्षेत्र भित्र संचालन भएका व्यवसायहरुलाई नियमानुसार दर्ता गर्नका लागि सबैलाई अनुरोध गर्ने सो कार्यका लागि सूचना प्रसारण गर्ने यस कार्यलाई सफल बनाउन पदाधिकारीहरुले तथा कर्मचारीहरुले समन्वय गर्ने निर्णय गरियो ।

त. द भाइस अफ नेपालको सिजन ६ मा टप आठमा पुग्न सफल चैनपुर नगरपालिकाको प्रतिभा विराट तामाङलाई भोट सहयोगका लागि सबै वडा कार्यालयहरुको विविध शीर्षकबाट रु.१०,०००। का दरले जम्मा ११०,०००। र नगरपालिकाबाट रु.९०००० विविध शीर्षक। गरि जम्मा रु.२,००,०००।दुई लाख भुक्तानी गर्ने निर्णय गरियो ।

थ. प्रस्तुत विषयमा छलफल गर्दा चण्डीपूर्णिमा पर्व संचालनका लागि नवयुग युवा क्बलले आर्थिक सहयोग माग गरेको हुँदा उक्त क्लबलाई मेला संचालनका लागि रु. १,००,०००। एक लाख मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक १:४१ बजे यही अन्त्य गरियों।

ओमप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।